आज मिति २०७८ मंसिर १३ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया — अध्यक्ष

नगर उपप्रमुख श्री मनकला कुमारी चौधरी, राजापुर नगरपालिका, बर्दिया

स.प्र.उ. श्री नरबहादुर रावत, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.

प्र.ना.उ. श्री हेमबहादुर शाही, जिल्ला प्रहरी कार्यालय बर्दिया

सहसेनानी श्री सन्तोष शाही, भैरव प्रसाद गण सुरक्षा गुल्म, बर्दिया

केन्द्रीय सदस्य श्री कृष्णप्रसाद यादव, जनता समाजबादी पार्टी

केन्द्रीय प्रतिनिधि श्री केशवकुमार यादव, लो.स.पा.

व.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया

प्र.अ., श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया

अ.अ. श्री तोयानाथ बली, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बर्दिया

का.प्र. श्री अनुभव चौधरी, बबई,भादा,औरही नदी व्यवस्थापन आयोजना

इ.प्र. रेबिका अमात्य, शिक्षा विकास तथा समन्वय इकाई, बर्दिया

ना.सु. श्री कपिलदेव भण्डारी, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, बर्दिया ।

प्रतिनिधि श्री तिर्थ खड्का, एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, बर्दिया

सु.प्र.अ. श्री खुशीराम चौधरी, राजापुर नगरपालिका बर्दिया

सभापति श्री कृष्णप्रसाद गौतम, नेपाल रेडक्रस सोसाइटी, बर्दिया

से.व्य.अ.श्री मुकेश चन्द्र गौतम, DEOC

अध्यक्ष, श्री बालकृष्ण बली, नागरिक समाज, बर्दिया

अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।

अध्यक्ष श्री बालकृष्ण लामिछाने, उद्योग वाणिज्य संघ, बढैयाताल

प्रतिनिधि श्री इन्द्रकुमार श्रेष्ठ, उद्योग वाणिज्य संघ, गुलरिया

प्रतिनिधि श्री दीपक शर्मा, पत्रकार

कार्यक्रम संयोजक श्री जितराम चौधरी, कमैया महिला जागरण समाज बर्दिया

सामाजिक परिचालक श्री शंकर चौधरी, सामाजिक विकास तथा अनुसन्धान केन्द्र बर्दिया

अध्यक्ष श्री सेरबहादुर रोका, बाढी पहिरो सरोकार समिति, बर्दिया

नि.नि.अ. हेमबहादुर खड्का जि.वि.नि. बर्दिया

निर्णयहरु

१. मिति २०७८/०६/३१ गते अपरान्हदेखि २०७८/०७/०३ गतेसम्म हावाहुरी सहित परेको अविरल वर्षा एवम् कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीका कारण भएको क्षति र कोभिड-१९ संक्रमण जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्रहरु र स्थानीय विपद् व्यवस्थापन समितिबाट हालसम्म भए गरेका कार्य, देखिएको समस्या र आगामी कार्यदिशाका सम्बन्धमा छलफल एवम् समीक्षा गरियो ।

२. कोभिड-१९ संक्रमणको जोखिमलाई समेत ध्यानमा राखी नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षा मापदण्डहरुको पूर्ण पालना गर्दै चिसोबाट हुने संभावित जोखिमलाई न्यूनीकरण गर्ने पूर्वतयारी, राहत उद्धार तथा पुनर्स्थापना कार्यमा सबै सरोकारवाला निकाय संलग्न हुने ।

३. स्थानीय सरकार, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखा, सुरक्षा निकायहरु र NGO लगायतका निकायहरुसँग समन्वय गरी चिसोबाट हुन सक्ने संवाभित जोखिम न्यूनीकरणका लागि पूर्वतयारीमा जुट्ने ।

४. यस वर्ष शीतलहर तथा चिसो सुरुवात भैसकेको छ । चिसोबाट प्रभावित हुने र हुन सक्ने विपन्न समुदाय एवं बस्तीहरुको पहिचान गर्ने तथा उक्त बस्तीहरुमा प्रभावित हुन सक्ने परिवारहरु मध्य पनि अति विपन्न परिवार, न्यानो कपडा नभएका दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी/गर्भवती महिला, जेष्ठ नागरिक चिसोको समयमा बढी जोखिममा पर्नसक्ने (संकटासन्न) व्यक्तिहरुको तथ्याङ्क अनुसूची-१ बमोजिमको बिवरण मिति २०७८ मंसिर २५ गते भित्र जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको सचिवालय जिल्ला प्रशासन कार्यालय, बर्दियामा पठाउने ।

अनुसूची-१

| सि.नं | स्थानीय तह | वडा नं | समुदायको नाम | घरमूलीको नाम | संकटासन्न व्यक्तीको नाम | संकटासन्न भएको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

५. पहिचान भएका अति विपन्न व्यक्ति तथा परिवारलाई अत्यावश्यक पर्ने राहत सामाग्री उपलब्ध गर्ने गराउने यस्तो राहत उपलब्ध गराउदा स्थानीय आपूर्तिकर्ता (निजी वा सरकारी) सँग संझौता गरी पुनर्भरण (Replenish) को आधारमा Standby Arrangement गर्ने । (सामाग्री वितरण गर्नु नपरेमा रकम खर्च नहुने गरी संझौता गर्ने ।

६. चिसो तथा शितलहरका कारण जोखिममा पर्न सक्ने खासगरी अति विपन्न परिवार, जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, सुत्केरी महिला तथा जोखिमयुक्त क्षेत्र र समुदायको पहिचान गरी प्राथमिकतामा राखे आवश्यकता अनुसार चिसो तथा शितलहर चलेको बेला चिसोबाट बच्नका लागि कोरोना भाइरसको जोखिन

न्युनिकरणका स्वास्थ्य उपाय अपनाउदै पहुँच पुग्ने स्थानमा आगो बाल्न स्थानीय तहहरुले डिभिजन वन कार्यालय वा नजिकको वन सब डिविजनसंग समन्वय गरी स्थानीय सामुदायिक वन मार्फत आवश्यक दाउरा उपलब्ध गराउने ।

७. शीतलहर तथा चिसोबाट हुन सक्ने क्षतिलाई न्युनीकरण तथा व्यवस्थापन गर्नका लागि बसे बैठकमा प्रस्तुत भएको शीतलहर आकस्मिक योजनाका आधारमा सबै स्थानीय तहले यही मंसिर २१ गतेसम्म शितलहर आकस्मिक योजना, २०७८ तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने । स्थानीय तहको आकास्मिक योजनाको आधारमा जिल्लाको शीतलहर आकास्मिक योजना (तेस्रो अद्यावधिक) २०७८,DLSA को सहयोगमा मंसिर २५ गते भित्र निर्माण गरी कार्यान्वयन गर्ने ।

८. राजापुर नगरपालिका तथा गेरुवा गाउँपालिकाका २०७८ कार्तिक २ गतेको बाढीका कारण प्रभावित परिवारहरु तपसिल अनुसारको तथ्यङ्क अनुमोदन गरियो ।

| सिन | स्थानीय तह | वडा नं | प्रभावित परिवार | जनसंख्या | पुर्ण प्रभावित | | आंशिक | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | राजापुर नगरपालिका | १ | २८२ | २१०८ | १९ | ११८ | ३६३ | १९९० |
| २ | | ३ | २३७ | ११३६ | १६ | ६४ | २२१ | १०७२ |
| ३ | | ७ | ३४ | २२० | ५ | २२ | २९ | १९८ |
| ४ | गेरुवा गाउँपालिका | २ | ८३ | ४४५ | २८ | १५७ | ५५ | २८८ |
| ५ | | ३ | ८५ | ४३७ | ५४ | २७८ | ३१ | १५९ |

९. राजापुर नगरपालिकाका २०७८ कार्तिक २ आएको बाढी प्रभावित परिवारको पुनसर्वेक्षण गर्न बाकी घरधुरीहरुमा पुनः सर्वेक्षण गरी स्थानीय विपद् व्यवस्थापन समितिबाट अनुमोदन भई आएका थप घरधुरीलाई राहत स्वरुप जिल्ला विपद् व्यवस्थापन समितिले यस अघिको बैठकबाट अनुमोदन गरिएको खाद्य मापदण्ड अनुसार वितरण गर्ने ।

१०. राजापुर नगरपालिका तथा गेरुवा गाउँपालिकामा २०७८ कार्तिक २ गतेको बाढीका कारण प्रभावित परिवारहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको मापदण्ड बमोजिम तपसिल अनुसार वितरण गरिएको खाद्य सामग्रीहरु तथा रकमलाई यसै बैठकबाट अनुमोदन गर्ने ।

| सिन | स्थानीय तह | वडा | घर धुरी | | जनसंख्या | | चामल | दाल | तेल | नुन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुर्ण | आशिक | पुर्ण | आशिक | केजि | केजि | लि | केजि |
| १ | राजापुर नगरपालिका | १ | ९ | १०१ | ४७ | ५३९ | १५३९० | ११२३ | ५६३ | ३८४ |
| २ | | ३ | १५ | २२१ | ६० | १०७३ | ८७४० | ६३० | ३१५ | २३८ |
| ३ | | ७ | ५ | २९ | २२ | १९८ | १५८० | ११८ | ५९ | ३४ |

| सिन | स्थानीय तह | वडा | घर धुरी | | जनसंख्या | | चामल | दाल | तेल | नुन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुर्ण | आंशिक | पुर्ण | आंशिक | केजि | केजि | लि | केजि |
| ४ | गेरुवा गाउँपालिका | २ | २८ | ५६ | १५७ | २८८ | ३१८० | ३८५ | ११४ | ७७ |
| ५ | | ३ | ५५ | २९ | १३८ | ७८ | ३२६० | २३७ | १२० | ८५ |
| जम्मा | | १६ | ११२ | ४३७ | ४२४ | २१७६ | ३२१५० | २४९३ | ११७१ | ८१८ |

११. राजापुर नगरपालिका तथा गेरुवा गाउँपालिकामा २०७८ कार्तिक २ गतेको बाढीका कारण प्रभावित परिवारहरुको तथ्याङ्क व्यवस्थापनका लागि जनशक्ति, सामग्रीमा सहयोग गर्नुहुने गेरुवा ग्रामीण जागरण समाज नेपाल (प्लान नेपाल) र कमैया महिला जागरण समाज नेपाल (Action Nepal) DLSA र विपद्को समयमा सहयोग गर्नुहुने नेपाल रेडक्रस सोसाईटी लगायत सबै सरकारी तथा गैर सरकारी निकाय र निजी क्षेत्रलाई हार्दिक धन्यवाद दिने।

१२. कोभिड-१९ बाट मृत्यू भएकाहरुलाई वितरण गर्न प्रति व्यक्ति रु. १ लाखका दरले जम्मा रु. १ करोड ७ लाख प्राप्त भएकोमा हालसम्म ६४ जनालाई मृतकको नजिकको हकदारलाई जम्मा रु. ६४ लाख वितरण गरिएको रकम अनुमोदन गर्ने ।

१३. विभिन्न विपदबाट प्रभावित भएकाहरु आगलागीबाट ३५ जनालाई रु.५,२१,०००।-, हावाहुरीबाट १८ जनालाई १,१३,०००।-, चटयाङबाट १ जनालाई ४,०००।-, अभिरल वर्षाबाट २९ जनालाई २,१०,५००।-, डुबानबाट २ जनालाई रु. १८,५००।- र चटयाङबाट मृत्यू १ जनालाई रु. २,००,०००।- गरी जम्मा ८६ जनालाई कुल जम्मा रु. १०,६७,०००।- वितरण गरेको रकम अनुमोदन गर्ने ।

१४. प्रदेश सरकार, आन्तरिक मामिला तथा संचार मन्त्रालयबाट विभिन्न मितिमा गरी हालसम्म जम्मा रु. १९,२५,०००।- विपद् प्रभावितहरुलाई वितरण गर्न प्राप्त भएकोमा आगलागी प्रभावित २७ जनालाई रु. ९,६०,०००।-, अविरल वर्षाबाट प्रभावित १५ जनालाई रु. ५,३०,०००।-, हावाहुरीबाट प्रभावित २ जनालाई रु. ८०,०००।- गरी ४६ जना विपद् प्रभावितहरुलाई कुल जम्मा रु. १८,८५,०००।- वितरण गरेको राहत रकम अनुमोदन गर्ने।

१५. चिसो तथा शितलहरको प्रभावबाट बच्न/बचाउनको लागि जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्रले स्थानीय भाषा समेतमा जनचेतना मुलक सामाग्री तयार गरी जिल्ला स्थित सबै एफएम रेडियो, पत्रपत्रिकामा सन्देशहरु प्रशारण/प्रकाशन गर्ने । सो कार्यका लागि नेपाल प्रत्रकार महासंघले आवश्यक समन्वय गर्ने र स्थानीय संघ/सस्था, रेडक्रस, स्थानीय क्लबहरुले विभिन्न समुदाय, विद्यालयहरुमा चिसो तथा शितलहरबाट बच्ने उपाय सम्वन्धमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

१६. नेपाल प्रहरीले स्थानीय तहसंग समन्वय गरी समुदाय प्रहरी साझेदारी कार्यक्रममा शीतलहरवाट बच्ने/बचाउने सम्वन्धी जनचेतना मुलक कार्यक्रमलाई समावेश गरी सचेतना अभियान सञ्चालन गर्ने ।

१७. चिसो तथा शित लहर तथा कोरोना भाइरस को जोखिम न्युनिकरणका लागि स्वास्थ्य मापदण्डमा विशेष ध्यान पुर्याउदै स्वास्थ्य कार्यालयले स्थानीय तहसंग समन्वय गरी सचेतना अभियान तथा उपचारको प्रवन्ध मिलाउने

१८. कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनाको जोखिम न्युनिकरण गर्न ट्राफिक कार्यालयले सचेतना अभियान सञ्चालन गर्ने ।

१९. नेपाल रेडक्रस सोसाइटीवाट जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला आपतकालिन कार्य संचालन केन्द्र(DEOC) मा विगत लामो समयदेखि सूचना व्यवस्थापन अधिकृतको जिम्मेवारी दिई विपद् व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न खटाइ पठाउनु भएकोमा नेपाल रेडक्रस सोसाइटीलाई स-धन्यवाद दिने । साथै, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र(DEOC) मा विपद् व्यवस्थापन कार्यमा महत्वपूर्ण भूमिका रहने हुँदा सूचना व्यवस्थान अधिकृतको लागि सम्वन्धित निकायहरुसंग समन्वय तथा सहकार्य गरी निरन्तरता दिन नेपाल रेडक्रस सोसाइटीलाई अनुरोध गर्ने ।

२०. युरोपियन युनियन, डेनिस रेडक्रस र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, वर्दियाको समन्वयमा जिल्ला विपद् व्यवस्थापन समितिलाई विपद्मा प्रयोग गर्नेगरी ड्रोन क्यामरा थान-१, कन्फ्रेस क्यामरा थान-१ र गेरुवा गाउँपालिका एवम् वारवर्दिया नगरपालिकालाई विपद्को समयमा विस्थापितभई अस्थायी आश्रयस्थलमा वसोवास गरिरहेका अपाङ्ग, जेष्ठ नागरिक, वालवालिका, गर्भवती/सुत्केरी महिला मैत्री सहयोग सामग्रीहरु, र खोज तथा उद्धार सामग्रीहरु अन्दाजी रु. १५ लाख वरावरको सहयोग सामग्री उपलब्ध गराएकोमा धन्यवाद दिने ।